

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस ! चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ८१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत २२ गते बुधबार ❑ 5 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## पोखरा-१८ मा पुनः मतगणना गर्न उच्च अदालतको आदेश

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

उच्च अदालत पोखराले गत वर्ष वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनअन्तर्गत पोखरा महानगरपालिका-१८ मा पुनः मतगणनाको आदेश दिएको छ।

सो वडामा तीन मतान्तरले नेपाली कांग्रेसको तर्फबाट वडाध्यक्ष पदका उम्मेदवार शिवप्रसाद तिमिल्सिना विजयी हुनुभएको थियो। नेकपा (एमाले) का तर्फबाट वडाध्यक्षका प्रत्याशी पुष्कल थापाले गणनामा धाँधली भएकाले पुनः मतगणनाको मागसहित उच्च अदालतमा निवेदन दिनुभएको थियो । सो निवेदनमाथि मंगलबार सुनुवाइ गर्दै उच्च अदालतका कायममुकायम मुख्य न्यायाधीश डिल्लीराज आचार्य र न्यायाधीश ऋषिराज भण्डारीको संयुक्त इजलासले गणना बदर गरी आगामी वैशाख २० गते पुनः मतगणना गर्न आदेश गरेको अदालतका उपरजिष्ट्रार एवं सूचना अधिकारी विष्णुप्रसाद आचार्यले जानकारी दिनुभयो।

गणनाको जनशक्ति व्यवस्थापनका लागि प्रदेश निर्वाचन कार्यालय पोखरा र स्थान तोक्नका लागि उच्च अदालतका रजिष्ट्रारलाई आदेश दिएको छ। यसअघि निर्वाचन आयोगले सो वडाको अन्तिम मत परिणाममा वडाध्यक्षमा विजयी तिमिल्सिनाले एक हजार छ सय ४३ र थापाले एक हजार छ सय ४० मत पाउनुभएकामा तिमिल्सिनालाई विजयी घोषणा गरेको थियो । थापाले परिणाम घोषणालगत्तै पुनः गणनाको माग गरे पनि निर्वाचन आयोगले गणना अस्वीकार गरेको थियो।

## पोखराको पर्यटन व्यवसाय सङ्कटमा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

पोखराका पर्यटन व्यवसायीले बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएर पर्यटन क्षेत्रमा निकै लगानी गरिरहेका समयमा विश्वव्यापी कोरोना देखिएपछि पर्यटन क्षेत्र ठप्प भयो।

कोरोनापछिको पर्यटन चलायमान हुन्छ र लयमा फर्किन्छ भन्ने आश गरिरहेका पर्यटन व्यवसायी सन् २०२३ सम्म आइपुग्दा पनि कोरोनाको असरबाट मुक्ति पाउन नसकेपछि समस्यामा परेका छन् । अहिले उनीहरू व्यवसाय धान्न अन्य उपाय खोजिरहेका छन्।

“हामी निकै उत्साहित भएर व्यवसायमा लगानी गर्‍यौँ, भ्रमण वर्ष, अन्तर्राष्ट्रिय विमानस्थललगायतलाई मध्यनजर गर्दै बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएर पूर्वाधारमा लगानी गर्‍यौँ तर काम नसकिँदै कोरोना देखियो र पर्यटन क्षेत्र ठप्प भयो”, होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले भन्नुभयो । त्यसपछि कहिले डेङ्गु, कहिले विमान दुर्घटना यस्तै-यस्तै कुराले पर्यटनले लय लिन नसक्दा र बैंक तथा वित्तीय संस्थाको ताकेताले व्यवसायीलाई मनोरोगी बनाएको उहाँले बताउनुभयो । अहिले पोखराको सडकमा फाट्टफुट्ट देखिएका केही विदेशी पाहुनाले मात्र खर्बौंको लगानी भएको पोखराको पर्यटन व्यवसाय धान्न सक्ने अवस्था नरहेको र सरकारबाट पर्यटन केन्द्रित कार्यक्रम र व्यवसायीमैत्री राहत प्याकेजको खाँचो रहेको उहाँको भनाइ छ। पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले कोभिडको प्रभावले पर्यटन व्यवसायमा परेको असरपछि विकराल बन्दै गएको गुनासो गर्नुभयो। उहाँले यस्तो अवस्थामा बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएर व्यवसाय सञ्चालन गरेका व्यवसायी चैत मसान्तको त्रैमासिक अन्त्यमा कुनै पनि प्रकारको दायित्वलाई मिलान गर्ने अवस्था नरहेको जनाउँदै कर्जाको भुक्तानी तालिकालाई अर्को असार मसान्तसम्मलाई पुनर्तालिकीकरण गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “कोरोनाका कारण अत्यधिक मार परेको पर्यटन क्षेत्रलाई सरकारले दिने राहत अनुदानका कार्यक्रमबाट पर्यटन व्यवसायीले अनुभूती गर्न पाएका छैनन् । सरकारले प्रमुख प्रभावित क्षेत्र घोषणा गरेको पर्यटन क्षेत्रका लगानीलाई कोभिड सङ्क्रमण अवधिभरको ब्याज मिनाहा गर्न र कोभिड प्रभावित समयमा तिरेको ब्याजमा छुट गरी फिर्ता गर्नुपर्छ।” नेपाल एशोसिएसन अफ टुर्स एन्ड ट्राभल्स एजेन्ट्स (नाट्टा)का अध्यक्ष हरिराम अधिकारीले पर्यटन क्षेत्रप्रति सरकारको मौनता र बैंक तथा वित्तीय संस्थाको दबाबले यो क्षेत्र निकै प्रताडित हुन पुगेको बताउनुभयो। अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको पर्यटन क्षेत्रलाई सरकारले पर्यटन उद्योगको मान्यता नदिनु साथै यस क्षेत्रका व्यवसायीको समस्याप्रति सरकार उदासिन हुनु निकै दुःखद् भएको उहाँको भनाइ छ। गण्डकी प्रदेश सरकारले ल्याएको व्यवसायी जीवनरक्षा कर्जा र नेपाल सरकार ल्याएका सहुलियतका कर्जालाई निरन्तरता दिई प्रदेश सरकार र स्थानीय सरकारलाई तिर्नुपर्ने दायित्वको अतिरिक्त शुल्क मिनाहा गरी अर्को आर्थिक वर्षको असोज मसान्तसम्म तिर्ने भाका बढाइदिनुपर्ने उहाँले बताउनुभयो। परिषद्का महासचिव सञ्जयकान्त सिग्देलले व्यवसायीहरू संरक्षण गर्न पर्यटनमा भएको लगानी र रोजगारलाई जोगाउन यस वर्षको मौद्रिक नीतिले नसमेटिएको विषयवस्तुलाई परिमार्जित गर्दै थप कार्यक्रम ल्याउनुपर्छ भन्नुभयो । उहाँले भन्नुभयो, “स्थिति सुध्रने आशमा हरेक त्रैमासिक अन्त्यमा सरसापट गरी बैंकको किस्ता मिलान गर्दै व्यापार धानेर बसेका हामी व्यवसायी वास्तवमै अब त सापटी माग्ने ठाउँ पनि नरहेको अवस्थामा पुगेका छौँ।”

उहाँले अघिल्ला वर्ष सरकारले ल्याएका कार्यक्रम पुनःकर्जा कोष, पुनःतालिकीकरण र व्यवसायी निरन्तरता कोषजस्ता सुविधाको समयावधि न्यूनतम तीन वर्ष हुनुपर्ने र सुविधा नवीकरणसहित उक्त सुविधाबाट बञ्चित व्यवासायीलाई यस आर्थिक वर्षमै उपलब्ध गराउनुपर्ने बताउनुभयो। नेपाल हवाई खेलकुद सङ्घ (ना)का निर्वतमान अध्यक्ष एवं परिषद्का उपाध्यक्ष कृष्ण भण्डारीले निक्षेपमा बैंकर्स सङ्घको ब्याजदर नबढाउनेमा सहमत देखिए पनि घटाउनमा पहल नगरेकाले यसलाई तुरुन्त परिमार्जन गरी बैंक तथा वित्तीय संस्थाहरूको कर्जाको ब्याजदर एक अङ्कमा झारि नुपर्ने बताउनुभयो । बैंक तथा वित्तीय संस्थाबाट प्रवाह गरिने कर्जाको निश्चित प्रतिशत ऋण सहुलियत ब्याजदरमा कृषिमा जस्तै पर्यटन उद्योगमा अनिवार्य लगानी गर्ने गरी व्यवस्थित गरि नुपर्ने उहाँको भनाइ थियो। पोखरा अन्तर्राष्ट्रिय एयरपोर्ट पर्यटन बजारमा पुनरुत्थानका लागि कोसेढुङ्गा सावित हुने आशामा रहेका उत्साहित व्यवसायी अन्तर्राष्ट्रिय उडान नहुनु र पहलमा देखिएको सुस्तताले थप निराश बनाएको जनाउँदै पर्यटन पुनरुत्थानका लागि यथाशीघ्र अन्तर्राष्ट्रिय उडानका लागि पहल गर्नुपर्ने व्यवसायीको माग छ।

## कोठामा जलेका अर्यालको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत



मंगलबार पोखरामा एक जनाको रहस्यमय ढंगले मृत्यु भएको छ। आफ्नै घरको दोश्रो तलामा आगोलागी हुँदा पोखरा १७ स्थित समृद्धि मार्गमा बस्दै आएका ४५ बर्षीय इन्द्र प्रसाद अर्यालको रहस्यमय ढंगले मुत्यु भएको स्थानियले बताए।

कोठामा आगो लाग्नु भन्दा केही समय अघि मुल गेटमा ताल्चा लगाएका उनले आफ्नो कोठामा भित्रबाट चुक्कुल लगाएको अबस्थामा कोठामा आगो लागे पछि उनको जलेर मुत्यु भएको कास्की प्रहरीले जनाएको छ । मंगलबार दिउँसो करिब ३:०० बजे अर्यालको कोठाबाट आगोको मुस्लो आएसंगै स्थानियले प्रहरीलाई खबर गरेसंगै उनको उद्धारमा खटिए पनि कोठा भित्रबाट चुक्कुल लगाएको अबस्थामा आगलागी भएकोले उनलाई बचाउन नसकिएको कास्कीका प्रहरी निरिक्षक ज्ञानबहादुर खड्काले बताए । उक्त आगो लागेको कारण हालसम्म पत्ता लगाउन नसकिएको प्रहरीले जनाएको छ। घटनाको बारे अनुसन्धान भई रहेको प्रहरी निरिक्षक खड्काले बताए। तीन तले पम्की भवनको बिचको तलामा बसेका उनको शरीर जलेर उनको घटनास्थलमै मृत्यु भएको स्थानियले समेत जनाए। स्याङजा अर्जुनचौपारी १ स्थायी घर भएका अर्याल केही समय अघि बैदेशीक रोजगारबाट नेपाल आएको श्रोतको भनाई छ। उनका एक श्रीमती एक छोरी रहेका छन भने उनीसंगै भतिज समेत बस्दै आएको स्थानियले बताए । वडा प्रहरी कार्यालय बैदामका डिएसपी वेद प्रकाश जोसीले उक्त घटना प्रारम्भिक चरणमा हेर्दा आफै आगो लगाएको हुन सक्ने आशंका व्यक्त गरेका छन् । कोठामा आफन्त नभएको अबस्थामा कोठाभित्रबाट लग हुनु र कोठामा आगो लगाएसंगै मानिसको आवाज भन्दा पनि ग्याँस पट्केको जस्तो आवाज आउनु घटना थप शंका भएको उनले जनाए । उक्त आगो लागीबाट अर्यालले लगाएका लत्ता कपडादेखि शरीर नै जलेको अबस्थामा भेटिएको उनले जनाए। स्थानियले उनको उद्धार गर्न उनको शरीरमा पानी खन्याय पनि उनीसंगै उनको कोठामा रहेका सर सामानहरु समेत जलेको प्रहरीले जनाएको छ। उनले भुई तलामा कोठाहरु भाडामा लगाएका थिए भने माथिल्लो तलामा आफुहरु बस्दै आएका थिए । उनले आफुसंग भएको मोवाइल समेत बाहिर फ्याकेको र घटनास्थल नजिक पेट्रोल भएको ग्यालीन समेत भेटिएको प्रहरीले जनाएको छ।

## लामिछानेविरुद्धको सुनुवाइ बुधबार हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

सर्वोच्च अदालतमा राष्ट्रिय स्वतन्त्र पार्टीका (रास्वपा) का सभापति रवि लामिछानेविरुद्धको रिट निवेदनको बुधबार सुनुवाइ हुने भएको छ।

यायाधीश अनिलकुमार सिन्हाको एकल इजलासमा मंगलबार पेसी तोकिए पनि हेर्न नमिल्ने भएपछि बुधबारका लागि सुनुवाइ तय भएको सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलले जानकारी दिनुभयो । रास्वपाका सभापति लामिछानेको राहदानी दुरुपयोगसम्बन्धी मुद्दा नचल्ने भनी महान्यायाधिवक्ता डा दिनमणि पोखरेलले गरेको निर्णय बदर गर्नुपर्ने माग गर्दै दायर गरेको रिट निवेदन सोमबार दर्ता भएको थियो। अधिवक्ता युवराज पौडेल 'सफल'ले लामिछानेविरुद्ध आज दायर गरेको रिट निवेदनमा राहदानी दुरुपयोगमा सजाय हुनुपर्नेमा उन्मुक्ति दिएको उल्लेख गर्दै उक्त निर्णय बदर गर्न माग गरिएको छ । यसअघि नै उहाँले प्रक्रियागतरूपमा नेपाली नागरिकता नलिएको उल्लेख गर्दै लामिछाने नेपाली नागरिक नभएको फैसला सुनाएको थियो।


## हार्दिक बधाई एवं शुभकामना





**श्री डा. देवीलाल शर्मा तिमिल्सिना**

यस कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि. का सल्लाहकार तथा निवर्तमान लेखा सुपरिवेक्षण समितिका संयोजक **श्री देवीलाल शर्मा तिमिल्सिनाज्यूले** भारतको राजस्थान प्राविधिक विश्वविद्यालयबाट **"Assessing Financial Viability of Selected Municipalities of Gandaki Province of Nepal"** विषयमा विद्यावारिधि **"Ph.D."** सम्पन्न गर्नु भएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उहाँको अझ उज्जवल भविष्यको कामना गर्दछौं ।

**संगिता गौतम तिमिल्सिना**
**अध्यक्ष तथा**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**Karmashil Saving and Credit Co-operative Society Ltd.**
Pokhara-8, Sabhagriha Chowk, Kaski, Tel. : 061-580796, 544795



## सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

## सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# प्रतिष्ठाको विषय उपचुनाव

वैशाख १० गते तनहुँ १, चितवन २ र बारा -२ मा हुने उपनिर्वाचनलाई सत्ता गठबन्धन र एमाले, रास्वपाले प्रतिष्ठाको विषय बनाएका छन । उपनिर्वाचनको लागि चितवनमा २४ जनाले उम्मेदवारी दिएका छन् भने तनहुँमा ९ जनाले उम्मेदवारी दिएका छन् । चितवन २ मा राजनीतिक दलबाट १२ जना र स्वतन्त्रबाट १२ जनाले उम्मेदवारी दिएका हुन् । तनहुँ १ र बारा २ मा हुने प्रतिनिधिसभा सदस्य उपनिर्वाचनका लागि २६ दलले निर्वाचन आयोगमा आवेदन दर्ता गराएका छन् ।

त्यस्तै बारा क्षेत्र नम्बर २ मा हुने उपनिर्वाचनको रौनक पनि उत्तिकै बढेको छ । सो क्षेत्रमा सबैभन्दा धेरै उम्मेदवारी परेको छ । निर्वाचन आयोगका अनुसार सोमबार अपराह्न ५ बजेसम्मको लागि उम्मेदवारी दिने समय तोकेकोमा सो समयभित्र बारा २ मा ३६ जनाले उम्मेदवारी दिएका छन् । निर्वाचन आयोगले उपनिर्वाचनमा भाग लिन चाहनेहरूका लागि सोमबार अपरान्ह ५ बजेसम्मका लागि मनोनयन दर्ता गराउने समय तोकेको थियो । सो अवधिभित्र राजनीतिक दलबाट ३३ जना र स्वतन्त्रबाट ३६ जना गरी जम्मा ६९ जना उम्मेदवारले मनोनयन दर्ता गराएका छन् ।

गत मङ्सिर ४ गते सम्पन्न निर्वाचनमा देशभरबाट निर्वाचित उम्मेदवारमध्ये ३ जना उमेदवारको स्थान रिक्त भएपछि उपनिर्वाचन हुन लागेको हो । आम निर्वाचनमा चितवन क्षेत्र नं. २ बाट निर्वाचित रवि लामिछाने नागरिकतासम्बन्धी मुद्दामा सर्वोच्च अदालतको फैसलाबाट पदमुक्त भएपछि सो क्षेत्रमा उप निर्वाचन हुन लागेको हो । त्यस्तै तनहुँ निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित भएपछि सो क्षेत्रमा पनि वैशाख १० मा उपनिर्वाचन हुँदैछ। यसैगरी मंसिर ४ को चुनावमा बारा निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएपछि सो क्षेत्रमा उपनिर्वाचन हुन लागेको हो । आगामी वैशाख १० गते हुने उपनिर्वाचनमा १ करोड ८० लाखभन्दा बढी मतदाताले भाग लिँदै छन् । निर्वाचन आयोगको स्वीकृत मतदाता नामावली अनुसार वैशाख ९ गतेसम्म १८ वर्ष उमेर पुग्ने १ करोड ८० लाख एक हजार ५६६ जना मतदाता छन् । यी मध्ये महिला मतदाताको संख्या ८८ लाख ५२ हजार ४६ छ भने पुरुष मतदाता ९१ लाख ४९ हजार ३३५ रहेका छन् । उपनिर्वाचनमा १२ हजार ९९६ मतदाता वृद्धि भएको निर्वाचन आयोगले जनाएको छ। गत मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन १ करोड ७९ लाख ८८ हजार ५७० जना मतदाता थिए।

उपनिर्वाचनको लागि तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं १ मा १ लाख २३ हजार ३०५ मतदाता रहेका छन् भने चितवन निर्वाचन क्षेत्र नं २ मा १ लाख २४ हजार ६९५ मतदाता छन् । त्यस्तै बारा जिल्ला निर्वाचन क्षेत्र नं २ मा १ लाख ५ हजार २४८ मतदाता कायम भएका छन । वैशाख १० गते हुने उपनिर्वाचनमा भाग लिने मतदाताको संख्यामा अघिल्लो चुनावमा भन्दा घटबढ देखिएको छ। ३ वटा निर्वाचन क्षेत्र मध्ये तनहुँ १ मा मतदाता घटेका छन् भने चितवन २ मा र बारा २ मा बढेका छन् । निर्वाचन आयोगले प्रकाशित गरेको अन्तिम मतदाता नामावलीमा मतदान गर्न पाउने मतदाता ३ लाख ५३ हजार २४८ जना रहेको उल्लेख छ। ति मध्ये तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं. १ मा १८५ मतदाता घटेर १ लाख २३ हजार ३०५ मतदाता कायम भएको निर्वाचन आयोगले जनाएको छ।

उपनिर्वाचनका लागि चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २ मा ४७० थप भई १ लाख २४ हजार ६९५ जना पुगेका छन् । त्यस्तै बारा जिल्ला निर्वाचन क्षेत्र नं. २ मा २३७ थप भई १ लाख ५ हजार २४८ पुगेका छन्। मङ्सिर ४ गते सम्पन्न प्रदेश तथा प्रतिनिधि सभा सदस्य निर्वाचनमा बारामा १ लाख ५ हजार ११ मतदाता रहेका थिए। जसमा पुरुष ५८ हजार ७४२ र महिला ४६ हजार २६९ थिए। सो निर्वाचन क्षेत्रमा ९२९ जना मतदाता थपिएको जिल्ला निर्वाचन कार्यालय बाराले जनाएको छ । उपनिर्वाचन हुने तीन जिल्लाका लागि १९४ मतदान स्थल र ४२७ मतदान केन्द्र कायम भएको निर्वाचन आयोगले जनाएको छ। आयोगका अनुसार चितवन जिल्ला निर्वाचन क्षेत्र नं २ मा ४३ वटा मतदानस्थलमा १३८ मतदान केन्द्र, बारा जिल्ला निर्वाचन क्षेत्र नं २ मा ८२ मतदानस्थलमा १३७ मतदान केन्द्र र तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं १ मा ६९ मतदानस्थलमा १५२ मतदान केन्द्र रहने छन्।

आगामी उपनिर्वाचनमा बारा क्षेत्र नं २ मा १ मतदान केन्द्र थप भएको छ भने अरु क्षेत्रका मतदान केन्द्रहरू यथावत रहेका छन् । आयोगका अनुसार चितवन क्षेत्र नं २ र तनहुँ क्षेत्र नं १ मा गत मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा रहेका मतदान केन्द्र र मतदान स्थल यथावत रहेका छन् । उपनिर्वाचन हुन लागेका ३ वटै निर्वाचन क्षेत्रको चुनावी माहोल विगतको चुनावमा जस्तै तातेको छ। गत मङ्सिर ४ गते सम्पन्न निर्वाचनमा निर्वाचनमा कांग्रेस, जनता समाजवादी पार्टी र रास्वपाले जितेका थिए भने अब हुने उपनिर्वाचनमा पनि तिनै दलहरूबीच टक्कर हुने देखिएको छ। गठबन्धनका दलहरूबीच पनि सहमति नहुँदा चुनावमा ठूला दल र नयाँ र साना दल निर्णायक मानिन्छन् । काङ्ग्रेस, माओवादी केन्द्र,जसपा,एकिकृत समाजवादीलाई आफ्नै कार्यकर्ताले मत नदिने हुन कि भन्ने प्रश्न उठेको छापाँच दलले कार्यकर्तालाई दायाँबायाँ नगर्न निर्देशन दिए पनि सहज देखिदैन ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# महशुल बढाउने प्रस्ताब बिरुद्ध हस्ताक्षर संकलन

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २१ चैत

विद्युत महशुल बढाउने प्रस्ताब विरुद्ध वालिङका युवाहरुले हस्ताक्षर संकलन गरी बुटवल पावर कम्पनीलाई बुझाएका छन् । बुटवल पावर कम्पनीले पुन महशुल बढाउन विद्युत नियमन आयोग सगँ प्रस्ताब गरेपछि वालिङ लगायत आसपासका युवाहरुले हस्ताक्षर संकलन गरी वालिङ स्थित कम्पनीको कार्यालयमा बुझाएका हुन् । झण्डै एक हजार जनाको हस्ताक्षर गरिएको व्यानर विपिसी वालिङ कार्यालयका प्रमुख तुलसी अर्याल मार्फत केन्द्रीय कार्यालयमा पठाउने गरी बुझाइएको बताइएको छ । वालिङका प्रमुख अर्यालले युवाहरुले संकलन गरेको हस्ताक्षरको व्यानर केन्द्रमा पठाउने गरी गल्याङ्का प्रमुख डोल खरेललाई बुझाएको बताए । गल्याङबाट पनि केन्द्रीय कार्यालयमा पठाइएको जानकारी आफुले पाएको अर्यालले बताए ।

विपिसी कम्पनीले प्रस्ताव गरेको महशुल समायोजन सम्वन्धी बिषयमा विद्युत नियमन आयोगले काठमाण्डौमा सार्वजनिक सुनुवाई गरेपछि अहिले स्याङ्जावासी आक्रोसित हुदै आएका छन् । गुणस्तरहिन सेवा दिदै आएको कम्पनीले विद्युत सेवामा गुणस्तर तर्फ नलागेर पुन मुल्य बढाउने प्रस्ताव विरुद्ध युवाहरु अगाडी बढ्ने स्थानीय युवा उत्तम खनालले बताए । सम्वन्धित क्षेत्रमा सार्वजनिक सुनुवाई गर्नुपर्ने माग राख्दै काठमाण्डौमा गरिएको सार्वजनिक सुनुवाईको आधारमा महशुल नबढाउन आयोगलाई समेत सुझाव दिएको उनले बताए।

स्याङ्जाको मध्यभागबाट बगेको आँधीखोलालाई गल्याङ नगरपालिका स्थित लल्याङ्मा उत्पादन केन्द मार्फत विद्युत् उत्पादन गर्दै आएको छ । ५.१ मेगावाट बाट उत्पादन शुरु गरेको कम्पनीले २०७१ बाट अपग्रेटिङ गरी ९.१ मेगावाट विद्युत उत्पादन गर्दै आएको छ । कम्पनीले प्रतियुनिट ५ रुपैया २६६ पैसा घाटा देखाउदै विद्युत नियमन आयोगमा महशुल समायोजनको प्रस्ताब पेश गरेपछि वालिङ लगायत आसपास क्षेत्रका युवाहरु निरन्तर आन्दोलित छन्। विपिसीले हाल लिदै आएको महशुलमा झण्डै १ सय २६ प्रतिशत महशुल बृद्धि गर्न आयोगमा प्रस्ताब पेस गरेको छ। आयोगले कम्पनीले पेश गरेअनुसार महशुल समायोजन गरिदिएमा प्रति युनिट ११ रुपैयामा विद्युत प्रयोग गर्न यहाँका जनता बाध्य हुनेछन् । बुटवल पावर कम्पनीले स्याङ्जामा भीरकोट, वालिङ, गल्याङ् र चापाकोट नगरपालिका र पाल्पामा केही पालिकाका गरी ३९ हजार २ सय ग्राहकलाई सेवा दिइरहेको छ।

# पर्यटकीय गाउँ घलेलमा चलचित्र पत्रकारिता कार्यशाला

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

चलचित्र पत्रकार सङ्घ नेपाल कास्कीको आयोजनामा माछापुच्छ्रे गाउँपालिका-८ स्थित पर्यटकीय गाउँ घलेलमा चलचित्र पत्रकारिता कार्यशाला सम्पन्न भएको छ।

चलचित्रका क्षेत्रमा कलम चलाउने पत्रकारको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दुई दिने कार्यशाला आयोजना गरिएको चलचित्र पत्रकार सङ्घ कास्कीका अध्यक्ष प्रभु अधिकारीले जानकारी दिनुभयो। करिब ५० जना पत्रकार सहभागी कार्याशालामा सुरेश रानाभाट, केशवशरण लामिछाने र नारायण अमृतले प्रशिक्षण दिनुभएको थियो । कार्याशालाको उद्घाटन गर्दै माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मीनबहादुर गुरुङले घलेल धेरै पर्यटकीय सम्भावना बोकेको स्थान रहेर पनि ओझेलमा परेको बताउनुभयो। मर्दी हिमाल, खुमैलगायतका स्थानमा जाने प्रमुख गन्तव्य घलेल भए पनि यसको पर्यटकीयरूपमा विकास हुन नसकेको उहाँले बताउनुभयो । प्राचीन मौलिक बस्तीसँगै नजिकबाट हिमाल नियाल्नका लागि पनि घलेल उपयुक्त गन्तव्य रहेको भन्दै उहाँले गाउँमाथि रहेका तारे बराह, महागुरु गुम्बा आदि धार्मिकरूपमा विशिष्टस्थल भएको बताउनुभयो । माछापुच्छ्रे-८ का वडाध्यक्ष राम गुरुङले पछिल्लो समयमा बसाइँसराइको बढ्दो क्रम घलेलका लागि चुनौती बनेको बताउनुभयो। चलचित्र छायाङ्कनका लागि घलेल उपयुक्तस्थल भएको बताउँदै उहाँले यसको प्रवर्द्धनको खाँचो औँल्याउनुभयो । चलचित्र पत्रकार सङ्घका केन्द्रीय अध्यक्ष समिर बलामीले कृष्णचन्द्रसिंह प्रधानदेखिको चलचित्र पत्रकारिताको इतिहास रहेको उल्लेख गर्दै यस्ता तालिम तथा कार्यशालाले यस क्षेत्रमा कलम चलाउनेलाई थप परिष्कृत बनाउने बताउनुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक समवेदना



जन्मः २०१६ पौष २ गते

स्वर्गारोहणः २०७९ चैत्र १०

**स्व. केशब कुमार श्रेष्ठ**

हाम्रा यस भद्रकाली 'सी' गुठी (चौं) पोखरा-१३ का गुठी भाइ शान्तकुमार श्रेष्ठका आदरणीय दाजु अति मिलनसार मृदुभाषी, साईराम **केशवकुमार श्रेष्ठ**को ६३ वर्षको उमेरमा भएको अकल्पनीय स्वर्गारोहणले हाम्रा गुठी परिवार अति मर्माहत भएका छौं। यस दुःखद घडीको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनि समवेदना प्रकट गर्दछौं।

**पुलेन्द्रमान श्रेष्ठ**

**नायः**

**भद्रकाली "सी" गुठी (चौं) परिवार**

**पोखरा-१३**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक श्रद्धाञ्जली



जन्मः २०१६ पौष २ गते

स्वर्गारोहणः २०७९ चैत्र १०

**स्व. केशब कुमार श्रेष्ठ**

हाम्रा प्रातः स्मरणीय छोरा/पति/दाजु/बाबा **केशव कुमार श्रेष्ठ**को असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथीमा ब्रम्हलीन आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै दुःखको यस घडीमा हामीलाई विभिन्न सामाजिक सञ्जाल, टेलिफोन एवम् प्रत्यक्ष भेटेर सहानुभूति प्रकट गर्नुहुने ईष्टमित्र, साथीभाइ, कुलकुटुम्ब आफन्तजन सबैमा हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछौं।

आमा : रुक्मणी श्रेष्ठ
श्रीमती : जीवन श्रेष्ठ
भाइ/बुहारी : शान्त कुमार/दुर्गा श्रेष्ठ
छोराहरु : रितेश श्रेष्ठ, अनिश श्रेष्ठ
छोरी/ छोरी ज्वाइँः रितु/ राजेन्द्र प्रधान
छोरीहरु : जिना श्रेष्ठ, अनुष्का श्रेष्ठ
बहिनी ज्वाइँः सरिता/ राजु थापा

पुनश्चः आज मिति २०७९/१२/२२ गते बुधबार १३औं दिनको शुद्धाशुद्धी कार्यक्रममा उपस्थित हुनु भै प्रसाद ग्रहण गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

स्थानः आफ्नै निवास, रामबजार, पोखरा-१० समयः बिहान १०:०० बजेदेखि

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक समवेदना



जन्मः
२०१६ पौष २ गते

स्वर्गारोहणः
२०७९ चैत्र १०

**स्व. केशब कुमार श्रेष्ठ**

यस धार्मिक संस्था श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिका कार्यकारी सदस्य सचिव श्री शान्त कुमार श्रेष्ठज्यूका पुजनीय दाजु तथा समाजसेवी, धार्मिक व्यक्तित्व साथै यस धार्मिक संस्थाको अति नजिकको सहयोगीदाता **केशवकुमार श्रेष्ठ**को ६३ वर्षको उमेरमा असामयीक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै यस दुःखद घडीमा शोकाकुल परिवारजन, बन्धुबान्धव, इष्टमित्र, आफन्तजनहरुमा धैर्यधारण गर्न सक्ने शक्ति श्री भद्रकाली माताले प्रदान गरुन भनि प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**योगेन्द्रमान श्रेष्ठ**
**अध्यक्ष एवं**
**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**
**कुँडहर, पोखरा-१२/१३**


# मगर संघ गण्डकीमा नयाँ नेतृत्व

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

नेपाल मगर सङ्घ गण्डकी प्रदेश समितिको अध्यक्ष पदमा तारामाया थापामगर सर्वसम्मत निर्वाचित हुनुभएको छ। पोखरामा सम्पन्न सङ्घको दोस्रो अधिवेशनले उहाँको नेतृत्वमा ४२ सदस्यीय कार्यसमिति चयन गरेको हो।

समितिको प्रथम उपाध्यक्षमामनिराजथापामगर, उपाध्यक्षमा दानबहादुर थापामगर, महिला उपाध्यक्षमा पवित्रा थापामगर र भाषिक उपाध्यक्षमा जगन पुनमगर रहनुभएको छ।

त्यस्तै प्रमुख सचिवमामा नन्दु थापामगर, सचिवमा कृष्णबहादुर थापामगर, महिला सचिवमा सङ्गीता पुनमगर, कोषाध्यक्षमा उत्तमप्रसाद बडावल मगर, सहकोषाध्यक्षमा ज्ञानीसरा रानामगर र यामकुमारी गर्बुजा मगर चयन हुनुभएको सङ्घले जनाएको छ।

सङ्घको सदस्यहरूमा टकसरा रानामगर, हीराबहादुर पुनमगर, वीरबहादुर थापामगर, हीरादेवी मगर, युवराज पुनमगर, खिम पुनमगर, देउकुमारी थापामगर, बलवीर रानामगर, सगुन रानामगर, डिलबहादुर थापामगर, खेम सारुमगरलगायत रहनुभएको छ।

छ बुँदे घोषणापत्र जारी गर्दै अधिवेशन सकिएको नवनिर्वाचित अध्यक्ष तारामायाले बताउनुभयो। सङ्घले गण्डकी प्रदेशमा मगर भाषालाईसरकारीकामकाजको भाषाका रूपमा प्रयोग गर्न माग गरेको छ। जातीय जनसङ्ख्याका आधारमा पूर्ण समानुपातिक समावेशी राज्य व्यवस्था हुनुपर्ने घोषणापत्रमा उल्लेख छ।

सङ्घले प्रथम सहिद लखन थापामगरलाई राष्ट्रिय विभूति घोषणा गर्नुपर्ने, गण्डकी प्रदेशको नाममा मगरात क्षेत्रको पहिचान जोड्नुपर्नेलगायतका माग अघि सारेको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक समवेदना



जन्मः
२०१६ पौष २ गते

स्वर्गारोहणः
२०७९ चैत्र १०

**स्व. केशब कुमार श्रेष्ठ**

हाम्रा आदरणीय मित्र रामबजार पोखरा–१० रामपथ निवासी नेपाली कांग्रेस पोखरा महानगर वडा ईकाई समिति वडा नं.–१० का क्रियाशील सदस्य एवं कार्य समिति सदस्य तथा नेपाली कांग्रेस पोखरा महानगर कार्यसमितिका सदस्य रामबजारका विभिन्न संघ सस्थामा सक्रिय भुमिका निर्वाह गर्नुहुने जीवन श्रेष्ठका पुजनीय पति, रितु श्रेष्ठ, जीना श्रेष्ठ र रितेस श्रेष्ठका पुजनीय बुबा अती मिलनसार, मृदुभाषी समाजसेवी सहयोगी **केशव कुमार श्रेष्ठ**को ६३ वर्षको उमेरमा भएको असामयीक स्वर्गारोहणले हामी अति मर्माहत भएका छौ यस दुःखद घडिको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**सम्मर बहादुर श्रेष्ठ** — कोषाध्यक्ष
**प्रतिभा वि.क. पोखरेल** — सदस्य
**संगिता केसी** — सदस्य

**एवं**
**नेपाली कांग्रेस पोखरा महानगर**
**कार्यसमिति पोखरा परिवार**



**Madi Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Thumakodada, Kaski, Gandaki Province, Nepal**

## Invitation for Seal Quotation

**First date of Publication: 2079/12/22 (5th April, 2023)**

1. **Madi Rural Municipality,Office of the Rural Municipal Executive, Thumakodada, Kaski** invites the E-Bidding bids from Nepalese eligible bidders for Seal Quotation contracts under E-procurment system for the construction of projects mentioned below:

| SN | Contract No. (IFB No.) | Description of Work | Estimated Amount NRS (without VAT & contingence) | Bid Security Amount (NRS). | Bid Security Validity Period | Cost of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 20/MRM/G/SQ/2079/080 | The Procurement of Plastic Tunnel, Pokhari Plastic and Hail Nets for Madi Rural Municipality | 1669570.00 | 45000 | 75 days | 1000 |
| 2 | 21/MRM/G/SQ/2079/080 | The Procurement of Bee Hives with Bee for Madi Rural Municipality | 1690500 | 43000 | 75 days | 1000 |

2. **Purchase, Submission and Opening:**

| Contract No. | Bid Document Purchase | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| 20 & 21/MRM/G/SQ/2079/080 | 2080/01/06 | 17:00 | 2080/01/07 | 12:00 | 2080/01/07 | 13:00 |

| Bank Name | Name of Office | Revenue Account No | Deposit Account No. |
|---|---|---|---|
| Machhapuchhre Bank ltd, Thumakodada Kaski. | Madi Rural Municipality, Office of the Municipal Executive, Thumakodada, Kaski | 0790051472900083 | 0790051472900011 |

3. Bidders should Purchase the bidding documents and submit their bids through E-procurment section of Madi Rural Municipality, as specified in the bidding data sheet for provision of E-Bidding.
4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**


# मुक्तिनाथ स्मृति प्रतिष्ठानबाट श्रष्टा सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

मुक्तिनाथ स्मृति प्रतिष्ठानको आयोजनामा पोखरामा श्रष्टा पण्डित मुक्तिनाथ शर्माको चौतिसैं स्मृती दिवस तथा पाँचौ अधिवेशन एक समारोहको आयोजना गरी समपन्न भएको छ।

समारोहमा विभिन्न क्षेत्रका प्राज्ञहरुलाई सम्मान गरिएको छ। सम्मानित हुनेहरुमा नेपाली तथा अङ्ग्रेजी साहित्यमा योगदान पुर्‍याए बापत श्रष्टा डा. यमबहादुर क्षेत्री, विष्णु प्रसाद पौडेल सम्मानित हुनुभएको छ भने त्यसैगरी आफ्नो पूर्खौली पेशालाई निरन्तरता दिएबापत रामबहादुर सुचिकारलाई सम्मान गरिएको छ। त्यसैगरी सारङ्गीका बरिष्ठ प्रशिक्षक एवं गायक खिमबहादुर गायकलाई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वकूलपति एवं वरिष्ठ साहित्यकार सरुभक्तले सम्मान गर्नुभयो।

सो अवसरमा बोल्नुहुदै वरिष्ठ साहित्यकार सरुभक्त श्रेष्ठले नेपालको राजनिति इतिहासमा नै हलो क्रान्ति र को अछुत ? जस्ता कृति लेख्ने मुक्तिनाथका योगदानको उचित कदर हुन नसकेको बताउनुभयो। पण्डितको छोरा भएपनि उहाँले २००१ सालमा आफ्नै बारीमा हलो जोतेर हलो क्रान्तिको सन्देश दिनुभएको थियो भने २०११ सालमा जातीय छुवाछुत विरुद्धमा को अछुत ? भन्ने सामाजिक उपन्यास लेखेर समाज परिवार्तन गर्न योगदान पुर्‍याउनुभएको थियो। २००७ सालको क्रान्तिमा प्रजातन्त्र स्थापजनाको लागि कास्की जिल्लाबाट आन्दोलनको नेतृत्व गर्नुमा उहाँको योगदान रहेके थियो। उहाँलाई बौद्धिक, साहित्यीक, राजनितिक, सामाजिक, शैक्षिक एवं बिकासप्रेमी र महानव्यक्तिका रुपमा पोखरेलीले लिदै आएका छन्।

कार्यक्रममा सम्मानित व्यत्तित्व प्राडा यमबहादुर क्षेत्री, प्राडा विष्णुप्रसाद पौडेल, संस्थाका अध्यक्ष मोहन थापा, वडा न १६ का अध्यक्ष अमृत प्रसाद तिमिल्सिना, सहसचिव भिम बहादुर गायक, रामबहादुर बानिया, प्रकाश तिमिल्सिना, रुद्रप्रसाद देवकोटा लगायतले बोल्नुभएको थियो।

यसैगरी सो प्रतिष्ठानको अधिवेशनले प्रकाश तिमिल्सिनाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ। जसमा उपाध्यक्ष कमला तिमिल्सिना, सचिव पुष्पराज तिमिल्सिना, सहसचिव भिम गायकर कोषाध्यक्ष सविना तिमिल्सिना रहनुभएको छ।

त्यस्तै सदस्यमा रुद्रनाथ देवकोटा, टंकनाथ तिमिल्सिना, किरण तिमिल्सिना र अम्बर बहादुर थापा चयन हुनुभएको छ।